घोराही उपमहानगरपालिकाको नगरकार्यपालिका बैठक नं. १९५, मिति २०८३।०५।२६ गते शुक्रबार, थारु संवतः २६४९, समय दिउसो ३ बजे, स्थानः घोराही उपमहानगरपालिकाको नगरकार्यपालिका कार्यालयको बैठक कक्ष

प्रस्तावहरुः

१. अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णय समिक्षा सम्वन्धमा।
२. तिज तथा अट्वारी पर्वको शुभकामना सम्वन्धमा।
३. स्वास्थ्य लाभको कामना सम्बन्धमा।
४. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को प्रारम्भिक प्रतिवेदन सम्बन्धमा।
५. आ.व. २०८२/०८३को नगरस्तरीय सार्वजनिक सुनुवाइ प्रतिवेदन सम्बन्धमा।
६. भोटेकोशी बाढी पिडीतका लागि आर्थिक सहयोग प्रदान गर्ने सम्बन्धमा।
७. नगर खेलकुद विकास समितिको सदस्य चयन सम्बन्धमा।
८. तह ३ + स्तरको सुधारिको चुलो वितरणकालागि वडा र संख्या तोक्ने सम्बन्धमा।
९. ठेक्काको म्याद थप सम्बन्धमा।
१०. उपभोक्ता समितिको लागत सहभागिता रकम फिर्ता दिने सम्बन्धमा।
११. कार्यविधि स्वीकृत, निर्माण तथा संशोधन सम्बन्धमा
   a. सहकारी संस्था अद्यावधिक (नविकरण) गर्ने सम्बन्धी मापदण्ड, २०८३ स्वीकृत सम्बन्धमा।
   b. मेला महोत्सव संचालन सम्वन्धी कार्यविधि, २०८३ निर्माण सम्बन्धमा।
   c. स्वयंसेवक शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि २०८० लाई संशोधन सम्बन्धमा।
   d. विद्यालय अनुदान वितरण तथा व्यवस्थापन कार्यविधि २०८२ लाई संशोधन सम्बन्धमा।
१२. पालिका खोप समन्वय समितिको निर्णय अनुमोदन सम्बन्धमा।
१३. विविध।

चन्द्र प्रसाद सुवाल
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

चन्द्र प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

नरलाल चौधरी
नगर प्रमुख

निर्णय नं. १

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

निर्णय नं. २

नेपाली हिन्दु नारीहरूको महान् चाड हरितालिका तीज तथा थारु समुदायले मनाउने अट्वारी पर्वको सुखद अवसरमा सम्पूर्ण नगरवासीहरुको सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना गर्दै यी पर्वहरूले नेपाली समाजमा आपसी सद्भाव, भाइचारा, सामाजिक एकता र सांस्कृतिक सहिष्णुता अझ प्रगाढ बनाउन मद्दत पुऱ्याउने विश्वास सहित चाडपर्वहरुलाई मर्यादित रुपमा आ-आफ्नो संस्कृति अनुसार मौलिक रुपमा मनाउन घोराही उपमहानगरपालिकाको तर्फबाट शुभकामना सन्देश प्रदान गरियो।

निर्णय नं. ३

यस घोराही उपमहानगरपालिका वडा नं. २ का वडा अध्यक्ष श्री चित्र बहादुर चौधरी र नगर कार्यपालिका सदस्य श्री मान बहादुर सुनार विरामी भई उपचाररत रहनुभएकोले उहाँहरुको शिघ्र स्वास्थ्यलाभको कामना गरियो।

निर्णय नं. ४

प्रमुख प्रशासकीय अधिकृतज्यूबाट पेश भएको घोराही उपमहानगरपालिकाको आ.व. २०८२।८३ को स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (LGPAS)मा ८०.३ अंक प्राप्त भएको प्रारम्भिक प्रतिवेदन उपर छलफल गरियो। प्रारम्भिक प्रतिवेदनलाई स्वीकृत गरी जिल्ला समन्वय समितिमा पृष्ठपोषणका लागि पठाउने र कार्यसम्पादन मूल्याङ्कनमा कमजोर देखिएको विषयक्षेत्रका सूचकहरुमा कार्ययोजना बनाई क्रमिक रुपमा सुधार गर्दै लैजाने निर्णय गरियो।

निर्णय नं. ५

घोराही उपमहानगरपालिकाको गत आ.व. २०८२/०८३को नगरस्तरीय सार्वजनिक सुनुवाई कार्यक्रमका लागि छनौट भएको समाजका लागि संचार पैरवी नेपालले पेश गरेको प्रतिवेदनमाथि छलफल गरियो।

चन्द्र प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

नरलाल चौधरी
नगर प्रमुख

चन्द्र प्रसाद मुसाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

निर्णय नं. ६

यही मिति २०८३ भदौ १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण ज्यान गुमाउनेहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरुप्रति शीघ्र स्वास्थ्य लाभको कामना गरियो। बाढी प्रभावित नागरिकहरुको उद्धार राहत तथा पुनःस्थापनाका लागि नेपाल सरकारको (सचिवस्तरिय) मिति २०८३ भदौ ११ गते बसेको बैठकको निर्णयअनुसार हुनेगरी यस कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको भाद्र महिनाको शुरु तलब स्केलबाट कट्टा गरी नेपाल सरकार "प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष" खातामा रकम जम्मा गर्ने। त्यसैगरी जनप्रतिनिधिहरुको हकमा नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरुको (वडा नं. ८ का वडा अध्यक्षको बाहेक) तर्फबाट ५ दिन, नगर कार्यपालिका सदस्यहरुको तर्फबाट ३ दिन र वडा सदस्यहरुको तर्फबाट २ दिन बराबरको उहाँहरुले प्राप्त गर्ने भाद्र महिनाको सेवा सुविधाबाट कट्टी गरी हुने रकम र घोराही उपमहानगरपालिकाको तर्फबाट विपद् व्यवस्थापन कोषबाट रु. १,११,१११/- (एक लाख एघार हजार एक सय एघार) थप समेत प्रभावित स्थानीय तहलाई नेपाल नगरपालिका संघसँग समन्वय गरी उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ७

घोराही उपमहानगरपालिकाको नगर खेलकुद विकास समिति सञ्चालन कार्यविधि, २०७९ को दफा ३को उपदफा (१) को खण्ड (ग) मा रहेको व्यवस्था अनुरुप नगर खेलकुद विकास समितिको सदस्यमा देहायका सदस्य चयन गर्ने निर्णय गरियो।

देहाय

१. मधुसुदन घर्ती मगर घोराही उपहानगरपालिका वडा नं. १०

२. कृष्णा सुनार, घोराही उपमहानगरपालिका वडा नं. २

निर्णय नं. ८

वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र यस घोराही उपमहानगरपालिकाविच भएको सम्झौता बमोजिम यस उपमहानगरपालिकालाई प्राप्त हुने ५०० थान तह ३+ स्तरको सुधारिएको चुलो लागत साझेदारीमा वडा नं. १९ लाई ३२ वटा र बाँकी सबै वडाहरुलाई २६ वटाको दरले वितरण गर्ने निर्णय गरियो।

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश

चन्द्र प्रसाद मुसाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

चन्द्र प्रसाद मुसाल
प्रमुख प्रशासकीय अधिकृत

...लाल चौधरी
नगर प्रमुख

निर्णय नं. ९

पूर्वाधार विकास महाशाखाबाट पेश भएका तपसिल बमोजिमका खरिद सम्झौताको म्याद थप गर्ने निर्णय गरियो।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/ GSMC/09/082/ 083 | दाङ जिल्ला घोराही उपमहानगरपालिका वडा नं. १४ दाङ बहुउद्देश्य सभाहल (घोराही सभाहल) स्तरउनन्ती | लोकप्रिय कन्स्ट्रक्सन सेवा | २०८३।०१।२३ | २०८३।०३।२५ | २०८३।०७।१३ |
| २ | NCB/WORKS/ GSMC/15/082/ 083 | आधारभूत विद्यालय गिठेपानी घोराही १८ मा चार कोठे भवन निर्माण | थापा ग्रुप मल्टीपर्पोज कम्पनी | २०८३।०१।२३ | २०८२।०३।२५ | २०८३।०८।१५ |
| ३ | NCB/WORKS/ GSMC/16/082/ 083 | दाङ जिल्ला घोराही उपमहानगरपालिका वडा नं. १७ को प्राथमिक विद्यालयमा पूर्वाधार स्तरउनन्ती | थापा ग्रुप मल्टीपर्पोज कम्पनी | २०८३।०१।२३ | २०८२।०३।२५ | २०८३।०८।१५ |

निर्णय नं. १०

घोराही उपमहानगरपालिकाको आ.व. २०८२/८३मा स्वीकृत बजेट अन्तर्गत वडा नं. १९ गलेना बयालीकोट, पाखापानी, घिउर डाफल तथा सराली खोला खानेपानी विस्तार (समपुरक) योजनाका लागि रु.१०,००,०००।—(दश लाख) बजेट विनियोजन भई सो योजना कार्यान्वयनका लागि उपभोक्ता समिति गठन भई उपभोक्ता समितिले १० प्रतिशत लागत सहभागिता रकम बुझाइसकेको अवस्थामा उक्त योजना विभिन्न कारणले कार्यान्वयन हुन नसकेकोले उपभोक्ता समितिबाट जम्मा गरेको लागत सहभागिता बापतको रकम रु.१,००,०००-।(एक लाख) पूर्वाधार विकास महाशाखाबाट पेश भए अनुसार उक्त रकम राजश्व शाखाबाट एकीन गरी अन्य फिर्ता शीर्षकबाट उक्त उपभोक्ता समितिलाई फिर्ता दिने निर्णय गरियो।

चन्द्र प्रसाद मुसाल
प्रमुख प्रशासकीय अधिकृत

...लाल चौधरी
नगर प्रमुख

निर्णय नं. ११

११.१ घोराही उपमहानगरपालिकाको सहकारी तथा रोजगार प्रवर्द्धन शाखाबाट पेश भएको सहकारी संस्था अद्यावधिक (नविकरण) गर्ने सम्बन्धी मापदण्ड, २०८३ स्वीकृत गर्ने निर्णय गरियो।

११.२ घोराही उपमहानगरपालिकाको पर्यटन तथा संस्कृति प्रवर्द्धन शाखाबाट पेश भएको मेला महोत्सव संचालन सम्बन्धी कार्यविधि, २०८३को मस्यौदा छलफलका लागि बैठकमा प्रस्तुत गरियो।

११.३ घोराही उपमहानगरपालिकाको शिक्षा, युवा खेलकुद तथा सामाजिक विकास महाशाखाबाट पेश भएका तपसिल बमोजिमका कार्यविधिहरु संशोधनका लागि छलफल गरियो।

a. स्वयंसेवक शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि २०८० संशोधन प्रस्ताव
b. विद्यालय अनुदान वितरण तथा व्यवस्थापन कार्यविधि २०८२ संशोधन प्रस्ताव

निर्णय नं. १२

घोराही उपमहानगरपालिकाको मिति २०८३।०५।१८ गते बसेको पालिका खोप समन्वय समितिको देहाय बमोजिमका निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

१. घोराही उपमहानगरपालिका जनस्वास्थ्य प्रवर्द्धन शाखाले आ.व. २०८३/०८४मा पालिकास्तरमा तथा वडास्तरमा संचालन गर्ने स्वास्थ्य कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि तयार पारिएको आ.व. २०८३/०८४मा सञ्चालन हुने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु सञ्चालन सम्बन्धी मार्गदर्शन स्वीकृत गर्ने।
२. घोराही उपमहानगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा सञ्चालनका लागि रामपुर, लक्ष्मीपुर, नारायणपुर र सैघा स्वास्थ्य चौकीमा ल्याब असिस्टेन्ट मार्फत सेवा सञ्चालनका लागि कर्मचारी व्यवस्थापन गर्ने।
३. घोराही उपमहानगरपालिकालाई संघीय सशर्त कार्यक्रम संचालन मार्फत प्राप्त भएको बजेटबाट आयुर्वेद सेवा तथा बर्थिङ सेन्टरका लागि नियमानुसार कर्मचारी व्यवस्थापन गर्ने।
४. घोराही उपमहानगरपालिका र मानसिक स्वास्थ्य परामर्श केन्द्र नेपालको सहकार्यमा सम्झौता बमोजिम मनोसामाजिक परामर्शकर्ता १(एक) जना र द्वन्द पिडित स्वयंसेवक एक जना गरी जम्मा २(दुई) जना कर्मचारी नियमानुसार सेवा करारमा छनौट गर्ने।

चन्द्र प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

निर्णय नं. १३

१३.१ यस कार्यालयमा कार्यरत सर्भेक्षक नवराज खड्काको मेरुदण्डमा गम्भिर चोट लाग्न गई उपचाररत हुनुभएकोले निजलाई घोराही उपमहानगरपालिकाको तर्फबाट सहयोग स्वरुप उपचारमा भएको खर्चको बिल अनुसार अधिकतम रकम रु.५०,०००।-सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

१३.२ श्री गणेश मन्दिर टोल विकास संस्था घोराही उपमहानगरपालिका वडा नं. १४ र १५ मा रहेको गणेश मन्दिर परिसरमा गणेश चौथीको पावन अवसरमा पुजा आर्चना, भजन, भण्डारा एवं प्रसाद ग्रहण कार्यक्रमको लागि टोल विकास संस्था माग भई आए अनुसार धार्मिक कार्यक्रम संचालनका लागि सहयोग स्वरुप रकम रु. ७,०००।– घोराही उपमहानगरपालिकाको धार्मिक तथा साँस्कृतिक सहायता शीर्षकबाट उपलब्ध गराउने।

१३.३ पतंजली योगपीठ नेपाल युवा नेपाल समितिलाई युवा संस्कार योग विज्ञान शिविर संचालनको लागि सहयोग माग भइ आएकोले उक्त शिविर संचालनमा भएको खर्चको बिल अनुसार अधिकतम रकम रु.५०,०००।–(पचास हजार)सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

१३.४ घोराही उपमहानगरपालिका वडा नं. १७ बस्ने सुनिता चौधरी पूर्ण अपांग अवस्थामा रहेकोले निजको जिवनयापनका लागि अपांगमैत्री टहरा निर्माणका लागि न्युनतम लागत तयार गरी अन्य संस्था सहायता शीर्षकबाट खर्च हुने गरी निर्माण गरिदिने निर्णय गरियो।

१३.५ घोराही उपमहानगरपालिका वडा नं. १ बस्ने वेद बहादुर विश्वकर्माको छोरा उमेश वि.क.को मृगौलामा समस्या आई लामो समयदेखि विरामी भएको र निजको आर्थिक स्थिती कमजोर भई औषधी उपचारमा समस्या भएकोले आर्थिक सहायताका लागि १ नं. वडा कार्यालयको च.नं. १२४०, मिति २०८३।०३।०३को सिफारिससाथ पेश भएकोले निजलाई उपचारमा भएको खर्चको आधारमा सहयोग स्वरुप रु.७,०००।-सम्म अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

१३.६ घोराही उपमहानगरपालिका वडा नं. ५ बस्ने रेखा कुमारी सार्कीलाई ब्लड क्यान्सर भई उपचारत रहनुभएको र निजको आर्थिक स्थिती कमजोर भई औषधी उपचारमा समस्या भएकोले आर्थिक सहायताका लागि ५ नं. वडा कार्यालयको च.नं. ३१०, मिति २०८३।०५।१५को सिफारिससाथ पेश भएकोले निजलाई उपचारमा भएको खर्चको आधारमा सहयोग स्वरुप रु.७,०००।-सम्म अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

चन्द्र प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

चन्द्र प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

१३.७ घोराही उपमहानगरपालिका वडा नं. ५ बस्ने गवारे चौधरीको आँखामा समस्या भई उपचाररत रहनुभएको र निजको आर्थिक स्थिती कमजोर भई औषधी उपचारमा समस्या भएकोले आर्थिक सहायताका लागि ५ नं. वडा कार्यालयको च.नं. १८८, मिति २०८३।०४।२८को सिफारिससाथ पेश भएकोले निजलाई उपचारमा भएको खर्चको आधारमा सहयोग स्वरुप रु.७,०००।-सम्म अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

१३.८ घोराही उपमहानगरपालिका वडा नं. ८ बस्ने चित्र बहादुरको श्रीमती लक्ष्मी बि.क.को मुटुमा समस्या भई उपचाररत रहनुभएको र निजको आर्थिक स्थिती कमजोर भई औषधी उपचारमा समस्या भएकोले आर्थिक सहायताका लागि ८ नं. वडा कार्यालयको च.नं. १६९, मिति २०८३।०४।२९को सिफारिससाथ पेश भएकोले निजलाई उपचारमा भएको खर्चको आधारमा सहयोग स्वरुप रु.७,०००।-सम्म अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

१३.९ नेपाल विद्यालय कर्मचारी परिषदलाई परिषदको सातौं राष्ट्रिय महाधिवेशनका लागि सहयोग माग भई आएकोले उक्त परिषदलाई सहयोग स्वरुप कार्यक्रममा भएको खर्चको विल पेश भए अनुसार सहयोगार्थ ५०,०००।— (पचास हजार) अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

१३.१० घोराही उपमहानगरपालिका १२ नं. वडा कार्यालयबाट सिफारिसका लागि अनुरोध भई आए बमोजिम वडा नं. १२ कालपहरादेखि पेदा जोडने श्रीरे खोलामा मानिसहरु आवतजात गर्न निकै कठिन भएकोले उक्त स्थानमा झोलुङ्गे पुल निर्माणका लागि सस्पेन्सन वृज डिभिजन श्रीमहल पुलचोक ललितपुरमा सिफारिस गरि पठाउने निर्णय गरियो।

१३.११ घोराही उपमहानगरपालिका वडा नं. १६को वडास्तरीय बजेट तथा कार्यक्रम "तिज/माघी/नारी दिवस" कार्यक्रममा विनियोजित रकम रु.१,६०,०००।— मध्ये तिज मिलन कार्यक्रममा खर्च हुने रु. ५० हजार रसुवा बाढीबाट प्रभावितहरुको सहयोगार्थ नेपाल सरकार "प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोष"मा पठाउने वडास्तरीय निर्णय सदर गर्ने निर्णय गरियो।

१३.१२ Conservation Development Foundation, Nepal (CODEFUND)बाट प्राप्त प्रस्ताव उपर छलफल गरियो। उक्त प्रस्ताव थप अध्ययन गरी आगामी बैठकमा निर्णयका लागि पेश गर्ने निर्णय गरियो।

१३.१३ पूर्वाधार विकास महाशाखाबाट घोराही उपमहानगरपालिका नगरक्षेत्रभित्र सडकबत्ती जडान सम्बन्धमा पेश भएको विषयमा कार्यविधि बनाइ प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

चन्द्र प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख